# ORIENTAL HOTELS LTD.

पो.ब.नं. २२६९, लाजिम्पाट, काठमाडौं, नेपाल, फोन नं. ४४११८१८/४४२३८८८, फ्याक्स नं. ४४२२३३०

**को**

## शेयरधनी महानुभावहरुलाई नगद लाभांश वितरण सम्बन्धि सूचना

ओरियण्टल होटल्स् लिमिटेडको मिति २०७३।६।१९ गते सम्पन्न उन्नाईसौं वार्षिक साधारण सभाबाट पारित भए बमोजिम आ.ब.२०७२/०७३ को चुक्ता पूंजीको चुक्ता पूँजीको ६.३२% नगद लाभांश पुर्जा यस कम्पनीको शेयर रजिष्ट्रार एनआईबिएल क्यापिटल मार्केटस् लि. लाजिम्पाट, काठमाण्डौंबाट तपसिलमा उल्लेख भए बमोजिमको तालिका अनुसार वितरण गरिने भएको व्यहोरा सम्पूर्ण शेयरधनीमहानुभावहरूमा जानकारी गराउंदछौं।

| शेयरधनी नं. | वितरण हुने मिति | शेयरधनी नं. | वितरण हुने मिति |
|---|---|---|---|
| ०००१ – १०,००० सम्म | २०७३/७/२४ | १०,००१ – १८,००० सम्म | २०७३/७/२५ |
| १८००१ – २६,००० सम्म | २०७३/७/२६ | २६००१ – ३४,००० सम्म | २०७३/७/२८ |
| हितग्राही खाता Demat A/C मा शेयर जम्मा भएका सम्पूर्ण शेयरधनीहरू | | | २०७३/७/२९ |

***द्रष्टव्य :***

१. लाभाशंको चेक ओरियण्टल होटल्स् लिमिटेडको शेयर रजिष्ट्रार श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंबाट बिदाको दिन बाहेक आइतवार देखि बिहिबारसम्म बिहान ९:३० बजेदेखि २.३० बजेसम्म र शुक्रबार बिहान ९:३० बजेदेखि १२.३० बजेसम्म वितरण हुनेछ।

२. नगद लाभांशको चेक लिन पाल्नु हुने शेयरधनीमहानुभावहरूले आफनो शेयरधनी प्रमाणपत्रको प्रतिलिपि वा परिचय खुल्ने अन्य कागजात वा नागरिकताको प्रतिलिपि वा BOID No. (हितग्राही परिचय नं.) अनिवार्य रूपमा लिई आउनु पर्नेछ।

३. शेयरधनीमहानुभाव स्वयं उपस्थित हुन नसकि आफ्नो नगद लाभांशको चेक अन्य व्यक्ति मार्फत लिन पठाउनको लागि शेयरधनीमहानुभावले त्यसरी आफ्नो नगद लाभांशको चेक लिन गरिदिएको लिखित मन्जुरीनामा, सम्बन्धित शेयरधनीमहानुभावको शेयर प्रमाणपत्रको प्रतिलिपि वा BOID No. (हितग्राही परिचय नं.) सहित मन्जुरीनामा पाएका व्यक्तिले आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा परिचयपत्र लिई आउनु पर्नेछ।

४. माथिको तालिका अनुसारको मितिमा आफ्नो नगद लाभांशको चेक संकलन गर्न असमर्थ हुने शेयरधनीमहानुभावहरूले तालिकाको समय समाप्ति पश्चात् आफ्नो अनुकुल समयमा नगद लाभांशको चेक संकलन गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

५. आफ्नो शेयर धितो राखेका शेयरधनीमहानुभावहरूको हकमा नगद लाभांशको चेक संकलन गर्न आउंदा सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

***नोटः*** उक्त होटलका शेयरधनीमहानुभावहरूलाई आफनो खाताको विवरण उपलब्ध गराउने सम्बन्धि उक्त होटलको सूचना बमोजिम मिति २०७३/७/०५ गतेसम्म आफ्नो खाताको विवरण उपलब्ध गराउनु भएका शेयरधनीमहानुभावहरूको हकमा त्यसरी विवरण उपलब्ध गराउंदा कुनै त्रुटि हुन गई उपलब्ध गराउनु भएको खातामा मिति २०७३/७/१२ सम्म नगद लाभांश प्राप्त नगर्नु हुने शेयरधनीमहानुभावहरूको हकमा समेत माथिको तालिका बमोजिम नै नगद लाभांशको चेक उपलब्ध हुने व्यहोरा अनुरोध गर्दछौं।

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना**

Radisson
HOTEL KATHMANDU

NIBL CAPITAL

**एनआईबिएल क्यापिटल मार्केट्स लि.**

(A Subsidiary of Nepal Investment Bank Limited)

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com